बैठक संख्या - १८

आज मिति २०८० साल जेष्ठ महिनाको २५ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

श्री प्रेमप्रकाश दाहाल, अधिकृत छैठौं, योजना शाखा

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा शाखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र. शाखा

CamScanner

## बैठक संख्या : १८

मिति २०८०/०२/२५ गतेको गाउँकार्यपालिका १८ औं बैठकका प्रस्तावहरू

१. अघिल्लो गाउँकार्यपालिकाका बैठकमा भए गरेका निर्णयहरू र सो को कार्यान्वयन पक्षको समिक्षा सम्बन्धमा ।

२. गढवा गाउँपालिकाले आगामी आ.व. का लागि तय गर्ने नीति तथा कार्यक्रम सम्बन्धमा ।

३. गढवा गाउँपालिकाको १३ अधिवेशनको मिति तय सम्बन्धमा ।

४. गढवा गाउँपालिका क्षेत्रभित्र नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।

५. गढवा गाउँपालिका भित्र गौशाला व्यवस्थापन सम्बन्धमा ।

६. राजधानी व्यवस्थापन शीर्षकमा विनियोजित बजेटको कार्यान्वयन सम्बन्धमा ।

७. भूमि सम्बन्धी कार्यक्रमको कन्ट्रोल पोईन्टको भुक्तानी सम्बन्धमा ।

९. योजना कार्यान्वयनका लागि भेरीयसन सम्बन्धमा ।

१०. रकमान्तरण सम्बन्धमा ।

११. विविध विषय सम्बन्धमा ।

### निर्णयहरू

**प्रस्ताब नम्बर १. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सोको कार्यान्वयन पक्ष सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकाको मिति २०८०/०२/०९ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**प्रस्ताब नम्बर २. गढवा गाउँपालिकाले आगामी आ.व. का लागि तय गर्ने नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** यस गढवा गाउँपालिकाले तय गर्ने आगामी आ.व. को नीति तथा कार्यक्रम विभिन्न विषयगत शाखा, विषयगत समितीहरूको बैठकको निर्णय एवं विभिन्न चरणको छलफल पश्चात योजना शाखाबाट संश्लेशन भई पेश भएको नीति तथा कार्यक्रमको खाकामा केही आवश्यक संशोधन सहित पारित गरियो साथै सोही खाका आगामी १३ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताब नम्बर ३. गढवा गाउँपालिकाको १३ अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** यस गढवा गाउँपालिका गाउँसभाको १३ औ अधिवेशन यही मिति २०८० साल जेष्ठ महिनाको ३० गते विहान ११ बजेदेखि गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ४. गढवा गाउँपालिका क्षेत्रभित्रको नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** यस गढवा गाउँ कार्यपालिकाको कार्यालय दाङ र तपशिलका नदिजन्य पदार्थको उत्खनन् तथा विक्रिका लागि राप्ती नदि अर्न्तगतका ठेक्काहरूको सम्बन्धीत घाटहरूमा नदीजन्य पदार्थ उत्खनन गरि (ढुङ्गा. गिट्टी र बालुवा) संकलन तथा बिक्री वितरण गर्ने कार्यको मिति २०८०/०२/३२ गतेसम्म समयसिमा रहेकोमा मिति २०८०।०२।२३ गतेको दिन यस गाउँपालिकाको अनुगमन समितिले स्टक नापजाँच गर्दा उक्त ठेक्का सम्झौतामा तोकिए बमोजिमको परिमाण उत्खनन् भईसकेको पाइएकोले **ढुङगा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी, मापदण्ड २०७७** को दफा ९ को उपदफा ३ बमोजिम नदिजन्य पदार्थको उत्खनन् कार्य तत्काल बन्द गर्न निर्देशन दिने साथै सम्झौता परिमाण भन्दा बढि उत्खनन गरेका ठेक्काहरूको हकमा बढी परिमाणको सोही मापदण्डको दफा ९ को उपदफा ९ बमोजिम कार्वाहीको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | ठेक्का नम्वर | घाटको नाम | फर्मको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | 03/NCB/GRM/RBM/079/080 | रतनपुर घाट | सगरमाथा कर्पोरेसन | गढवा ३ |
| २ | 07/NCB/GRM/RBM/079/080 | झारबैरा घाट क्षेत्र नं. १ | आश्रेया डेभ्लपर्स प्रा.ली. | गढवा ७ |
| ३ | 01/SQ/GRM/RBM/079/080 | धर्मपुर घाट, क्षेत्र नं. ३ | श्रीकृष्ण विल्डर्स प्रा.ली. | गढवा ५ |
| ४ | 09/NCB/GRM/RBM/079/080 | रङसिङ राप्ती दोभान मलमला घाट | वर्षा कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | गढवा १ |

साथै केही स्थानहरूमा श्रोत र स्वामित्व नखुलेको नदि किनारमा, क्रसरहरूको छेउमा अनाधिकृत रूप उत्खनन् गरि डम्पिङ गरि राखेको पाईएकोले उक्त डम्पिङ जफत गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ५. गढवा गाउँपालिका भित्र गौशाला व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ५ :** यस गढवा गाउँपालिकामा चालु आ.व. मा गौशाला व्यवस्थापन शीर्षक विनियोजित बजेट कार्यान्वयनका लागि वडा नम्बर ६ स्थित मनिकापुरमा गौशालाको ल आवश्यक संरचना निर्माण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताब नम्बर ६. राजधानी व्यवस्थापन शीर्षकमा विनियोजित बजेटको कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नम्बर ६ :** लुम्बिनी प्रदेश सरकारबाट प्रदेश राजधानी व्यवस्थापन शीर्षकमा हस्तान्तरित बजेट रू १५ लाखको कार्यक्रम कार्यान्वयनका सन्दर्भमा यस गढवा गाउँपालिकामा सडक बत्ति र फोहोरमैला व्यवस्थापन आदी क्रियाकलाप गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ७. भूमि सम्बन्धी कार्यक्रमको कन्ट्रोल पोईन्टको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर ७ :** गढवा गाउँपालिका अन्र्तगत भूमि सम्वन्धी कार्यक्रम अन्र्तगत जग्गा नापजाँच कार्यका लागि आवश्यक पर्ने कन्ट्रोल पोईन्ट राख्नका लागि परामर्श सेवा खरिद गरिएकोमा सेवा प्रदायकले प्रदान गरेको प्रतिवेदन उपर छलफल गरि पोईन्ट स्थापना नभएको स्थानमा सहजिकण गर्नेगरि स्वीकृत गरि सो को भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ९. ठेक्काहरूको भेरीयसन सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** यस गढवा गाउँपालिकाको चालु आ.व. को ठेक्का नं 11/NCB/GRM/W/2079/080 र 05/NCB/GRM/W/2079/080 को ठेक्कामा तपशिल बमोजिम भेरियसन भएको हुँदा पेश भए बमोजिमको भेरिएसन आदेश स्विकृत गर्ने निर्णय गरियो ।

तपशिल

ठेक्का नं 11/NCB/GRM/W/2079/080 को लागि

शुरू सम्झौता अंक रू ११,०३,७४४/७८ मु.अ.क समेत

परिमार्जित सम्झौता अंक रू १२,५०,८४६/४७ मु.अ.क समेत

शुरू सम्झौताको आधारमा भेरियसन (प्रतिशतमा) : १३।३३

भेरियसन आदेश जारी हुनुको कारण : लागत अनुमानमा भुलबस फलामे छडको परिमाण कम भएकोले ।

ठेक्का नं 05/NCB/GRM/W/2079/080 को लागि

शुरू सम्झौता अंक रू १८,०८,३७४/३२ मु.अ.क तथा कन्टिन्जेन्सी समेत गरि

परिमार्जित सम्झौता अंक रू २२,०५,३८७/१४ मु.अ.क तथा कन्टिन्जेन्सी समेत गरि

शुरू सम्झौताको आधारमा भेरियसन (प्रतिशतमा) : १६।८१

भेरियसन आदेश जारी हुनुको कारण : साईट अनुसार आवश्यक्ता देखिएकोले ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## प्रस्ताव नम्बर १०. रकमान्तर सम्बन्धमा ।

**निर्णय नम्बर १० :** गढवा गाउँपालिकामा चालु आ.व. मा तपशिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं | विवरण | विनियोजित रकम | क्र.सं. | विवरण | विनियोजित रकम |
|---|---|---|---|---|---|
| १ | करार सेवा शुल्क | २,९०,०००।- | १ | खाजा, खाना तथा आवास खर्च, राष्ट्रिय परिचय पत्रको विवरण संकलन कार्य, वडा नं. १ | ९०,०००।- |
| | | | २ | अन्य सामाजिक सुरक्षा | २,००,०००।- |

## प्रस्ताव नम्बर ११. विविध विषय सम्बन्धमा ।

**निर्णय नम्बर ११ :** गढवा गाउँपालिका वडा नम्बर ६ को चालु आ.व. को कार्यक्रम अन्तर्गत रातो किताबमा उल्लेख भएको योजना " प्रनाहा मेनरोड देखि उत्तर पक्कि नाली र बाटो ग्राभेल शीर्षकमा रू ३ लाख र गाउँसभाको विशेष अधिवेशनको मिति २०७९/०५/३१ गतेको निर्णयानुसार मेनरोड देखि हरिश्यामको घरसम्म नाली निर्माण निरन्तरता थप रू २ लाख विनियोजन भएकोमा उक्त दुई शीर्षकमा विनियोजित योजना फरक फरक नभई एउटै योजना भएको भनि २०८०/०२/०८ गते सिफारिस समेत गरेकोले सो को समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२ :** गढवा गाउँपालिका वडा नम्बर ७ स्थित मनित निर्माण सेवा प्रा.ली. कम्पनि रजिष्टारको कार्यालय काठमाण्डौ र आन्तरिक राजश्व कार्यालय तुल्सीपुरबाट प्रो. कपुरकोट ३ सल्यान निवासी जगत ओलीको नाममा नामसारी गरि यस कार्यालयबाट निर्माण व्यवसायी ईजाजत पत्र पनि प्रो. हरि आचार्यको नामबाट प्रो. जगत ओलीको नाममा नामसारी गर्नका लागि पेश भए बमोजिम नामसारी समर्थन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक संख्या - १८

आज मिति २०८० साल असाढ महिनाको ०८ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

श्री प्रेमप्रकाश दाहाल, अधिकृत छैठौं, योजना शाखा

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा शाखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र. शाखा

## बैठक संख्या : १९

### मिति २०८०/०३/०८ गतेको गाउँकार्यपालिका १९ औं बैठकका प्रस्तावहरू

१. अघिल्ला गाउंकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वियन पक्ष सम्बन्धमा ।
२. अनुगमन समिति संयोजक गाउंपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
३. गढवा गाउं शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
४. गढवा गाउंपालिकाको लागि आवश्यक ब्याकहोलोडर खरिद र गाडी खरिद सम्बन्धमा ।
५. नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।
६. गढवा गाउंपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि २०७९ अर्न्तगत गठन हुने समितिमा २ जना सदस्य मनोनित सम्बन्धमा ।
७. कोभिड अस्पताल लमहीलाई दायित्व मिनाहाका लागि अनुरोध सम्बन्धमा ।
८. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लाई भवन उपलब्ध गराउने सम्बन्धमा ।
९. आर्थिक सहयोग सम्बन्धमा ।
१०. महिला तथा बालबालिका शाखा अर्न्तगतको कार्यक्रमको शीर्षक परिमार्जन सम्बन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत योजना कार्यान्वियन सम्बन्धमा ।
१२. मालपोत कार्यालय लमहीलाई आगामी आ.व. का लागि जग्गाको दररेट पठाउने सम्बन्धमा ।
१३. ठेक्काहरूको भेरीयसन सम्बन्धमा ।
१४. रकमान्तर सम्बन्धमा ।
१५. विविध विषयं सम्बन्धमा ।

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाको मिति २०८०/०२/२५ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको जेष्ठ महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औंल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस गढवा गाउँपालिका अर्न्तगत गाउं शिक्षा समितिको मिति २०८०/०२/२९ गतेको बैठकले गरेका निर्णयहरूको समर्थनका लागि यस गाउँकार्यपालिकाको बैठकमा पेश भएकोमा शिक्षा समितिको सम्पूर्ण निर्णयहरू सर्वसम्मत्तिले अनुमोदन गर्ने निर्णय गरियो ।

४. यस गढवा गाउँपालिकाले चालु आ.व. २०७९/०८० का लागि योजना तथा कार्यक्रम अर्न्तगत ब्याकहो लोडर खरिद गर्ने योजना निर्माण गरि सो को लागि ठेक्का आह्वान गरि न्युनतम अंक कबोल भई आशयको सूचना समेत आह्वान भईसकेकोमा हाल यस गढवा गाउँपालिकाको प्रक्षेपित राजश्व संकलन हुन नसकेको, संघीय सरकारबाट प्रदान गरिने राजश्व बाँडफाडको रकम समेत तोकिए बमोजिम उपलब्ध नभएको सन्दर्भमा यस आर्थिक मन्दिको समयमा खर्च लेख्न नसकिने अवस्था देखिएकोले उक्त खरिद प्रक्रिया अगाडी नबढाउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

५. यस गढवा गाउँपालिका अन्तर्गत राप्ती नदिका विभिन्न घाटहरूमा चालु आ.व. २०७९/०८० मा नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रिका लागि ठेक्का आह्वान भई केही घाटहरूमा ठेक्का कबोल भई सोही बमोजिम ठेक्का सम्झौता गरि उत्खनन् कार्य सूरू भएकोमा मिति २०८०/०२/२३ गतेको नदिजन्य पदार्थको स्थानीय अनुगमन समितिले स्टक नापजांच गर्दा सम्झौतामा तोकिएको परिमाण भन्दा बढि परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरेको भेटिएकोले सो सम्बन्धमा आवश्यक कार्बाहीका लागि गढवा गाउँपालिकाका कानूनी सल्लाहकारको राय लिएर सोही बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. गढवा गाउँपालिकामा कार्यरत कर्मचारीहरू तथा विविन्न क्षेत्रमा कार्य गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन पुरस्कार प्रदान गर्नका लागि गढवा गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि २०७९ को दफा ५ बमोजिम गठन हुने पुरस्कार सिफारिस समितिमा तपशिल बमोजिम २ जना कार्यपालिका सदस्य छनौट गर्ने निर्णय गरियो ।

तपशिल :

१. श्री बाबुराम अधिकारी

२. श्री लेख बहादुर थापा

७. दाङ जिल्लाको देउखुरीको लमहीमा कोभिड १९ को महामारीको समयमा ४ स्थानीय तहले संयुक्त रूपमा संचालन गरेको कोभिड अस्पतालको आर्थिक जिम्मेवारीको भुक्तानीको लागि लमही नगरकार्यपालिकाको यस अघि पटक पटक पत्राचार गरेकोमा हाल यस गढवा गाउँपालिकाको प्रक्षेपित राजश्व संकलन हुन नसकेको, संघीय सरकारबाट प्रदान गरिने राजश्व बाँडफाडको रकम समेत तोकिए बमोजिम उपलब्ध नभएको सन्दर्भमा यस गढवा गाउँपालिकाले चालु आ.व. २०७९/०८० मा चरम आर्थिक संकट व्यहोरिरहेकोले विगतको आ.व. मा देउखुरीका ४ पालिकाहरूद्वारा संचालित कोभिड अस्पतालको संचालन खर्चमा गढवा गाउँपालिकाको तर्फबाट बहन गर्नुपर्ने दायित्व मिनाहा गरिदिनका लागि लमही नगरपालिका दाङलाई सादर अनुरोध गर्ने निर्णय गरियो ।

८. लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरण राप्ती उपत्यका देउखुरीको प.सं. ०७९/०८०, च.नं. ९१६, मिति २०८०/०२/२२ गतेको पत्रानुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को लागि यस देउखुरी क्षेत्रमा कार्यालय स्थापनाका लागि भवनको आवश्यक्ता भएको बुझिएकोले उक्त परिषद्को आफ्नै भवन निर्माण भई उक्त भवनमा स्थानान्तरण नभएसम्मका लागि यस गढवा गाउँपालिकाको पुरानो गाउँकार्यपालिका रहेको भवन उपलब्ध गराउने निर्णय गरियो ।

९. यस गढवा गाउँपालिकामा पर्न आएका विविध विषयका निवेदन उपर तपशिल बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नाम | ठेगाना | सहयोग रकम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | भगवती प्रसाद चौधरी | गढवा ७ | १०,०००।- | आदिवासी जनजातीको परम्परागत चालचलन, रिति भाँतीको भोज र चार धाम नामको पुस्तक प्रकाशन गर्नका लागि सहयोग | आदिवासीको संस्कृति जगेर्ना शीर्षकबाट |
| २ | कमला नेपाली | गढवा ७ | २०,०००।- | निजको श्रीमान र सासुको १२ दिनको अन्तरालमा मृत्यु भएको र आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले | दलित महिला सदस्य |
| ३ | राम कुमार यादव | गढवा ६ | २०,०००।- | ड्युटिको समयमा भन्याङबाट लडेर गम्भिर घाईते भएकोले औषधी उपचार सहयोगार्थ | सर्पदंश उपचार केन्द्र |

१०. महिला तथा बालबालिका शाखाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यकम अन्तरगत सि.न. २ महिला तर्फ : एकल महिलालाई कुशन एवं खेलौना बनाउने तालिम संचालनका लागि मिति २०८०।०२।१० कार्यकम स्वीकृत भई सावुन बनाउने तालिमका लागि लिएको पेश्की रकमबाट आवश्यक सम्पूर्ण सामग्रीहरु खरिद गरी संचालन गर्न थालेको समयमा एकल महिलाहरु समावेशी हुन नसकि २ पटक सम्म पनि कोशिस गर्दा संचालन गर्न नसकेको व्यहोरा सम्बन्धीत शाखाबाट जानकारी भई आएकोले उक्त कार्यक्रमको शीर्षक परिवर्तन गरि महिलाहरुका लागि कुशन तथा खेलौना बनाउने तालिम शीर्षक कायम गरि सोही बमोजिम कार्यकम अगाडि बढाउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

११. गढवा गाउँपालिका १ नम्बर वडा कार्यालय परिसरमा वर्षातको समयमा हिलो हुने, खाल्डाखुल्डीमा पानी जम्ने तथा वडा कार्यालयको प्राङ्गन उजाड भएकोले उक्त स्थानमा तपशिल बमोजिम योजनाहरू वर्षातको समय अगाबै तत्काल गर्नुपर्ने आबश्यक्ता देखिएकोले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल :

१. वडा कार्यालय परिसर भित्र विभिन्न फलफूलका बोटविरूवा रोपन कार्य ।
२. वडा कार्यालयको परिसर भित्र खाल्डा खुल्डीमा माटो पटान कार्य ।
३. कार्यालय परिसर भित्र ढुङ्गा सोलिङ तथा पिसिसि ढलान कार्य ।

१२. यस गढवा गाउँपालिकाको तर्फबाट मालपोत कार्यालय लमहीलाई पठाउनु पर्ने जग्गाको मूल्याङ्कन दररेट सम्बन्धमा चालु आ.व. २०७९/०८० को तुलनामा आगामी आ.व. २०८०/०८१ का लागि जग्गाको दररेट १५ प्रतिशतले बृद्धि गर्ने र सोही बमोजिम मालपोत कार्यालय लमहीलाई जानकारी गराउने निर्णय गरियो ।

**१३. ठेक्का नं 03/NCB/GRM/W/2079/080 को ठेक्कामा तपशिल बमोजिम भेरियसन भएको हुँदा पेश भए बमोजिमको भेरिएसन आदेश स्विकृत गर्ने निर्णय गरियो ।**

**तपशिल**

**ठेक्का नं 03/NCB/GRM/W/2079/080 को लागि**

**शुरु सम्झौता अंक रु ३८८२४७८.६३ मु.अ.क समेत**

**परिमार्जित सम्झौता अंक रु ४३२२६०३.७० मु.अ.क समेत**

**शुरु सम्झौताको आधारमा भेरियसन (प्रतिशतमा) : ११**

**भेरियसन आदेश जारी हुनुको कारण : साइट कन्डिसन अनुसार थप काम गराउनुपर्ने भएको हुँदा ।**

१४. यस गढवा गाउँपालिकामा चालु आ.व. २०७९/०८० का लागि विनियोजित योजना तथा कार्यक्रम अन्तरगत केही शीर्षकमा खर्च लेख्न बाँकी रहेको अवस्थामा बजेट अभाव देखिएको तथा केही शीर्षकहरुमा विनियोजित बजेट केही बचत हुने देखिएकोले तपशिल बमोजिमको रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल :

१. लुम्बिनी प्रदेश सरकारबाट दङ्गाली छाप कुलोको मुहान क्षेत्रको तटबन्ध निर्माणमा विनियोजित रकम रु. ३५ लाखमा पालिकाबाट गत आ.ब.को योजना अन्तरगत २ नं. वडा बड्का गल्ली तीनघरुवा बघमरुवा कोठरी नाली तथा कालोपत्रे सडक निर्माणमा खर्च बाँकि रहेको बजेट मध्येबाट रु. ६ लाख थप गरी जम्मा बजेट रु. ४१ लाख कायम गर्ने ।
२. कर्मचारी पारिश्रमिकमा विनियोजित बजेटमध्येबाट रु. ३६५०००।– रकमान्तर गरी पदाधिकारी बैठक भत्तामा लैजाने ।
३. कर्मचारी पारिश्रमिकमा विनियोजित बजेटमध्येबाट रु. ७०००००।– रकमान्तर गरी इन्धनमा लैजाने ।
४. कर्मचारी पारिश्रमिकमा विनियोजित बजेटमध्येबाट रु. २०००००।– रकमान्तर गरी पत्रपत्रिका तथा सूचना प्रकासनमा लैजाने ।
५. कर्मचारी पारिश्रमिकमा विनियोजित बजेटमध्येबाट रु. २०००००।– रकमान्तर गरी कर्मचारी बैठक भत्तामा लैजाने ।
६. गापा समपुरक कोषबाट गापा विपद व्यवस्थापन कोषमा रकमान्तर रु. २० लाख रुपैया रकमान्तर गर्ने ।
७. कर्मचारी पारिश्रमिकमा विनियोजित बजेटमध्येबाट रु. १०००००।– रकमान्तर गरी विविध खर्चमा लैजाने ।
८. आधारभुत स्वास्थ्य केन्द्र ल्याब भवन निर्माण वडा नं२ . को लागि विनियोजित रकम रु. ८ लाखमा गाप समपुरक कोषबाट रु. १५०००० रकमान्तर गर्ने ।
९. गापा समपुरक कोषबाट गाउँपालिका अन्तर्गत २ थान एसि खरिदका लागि रु. २ लाख रुपैया रकमान्तर गर्ने ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८० साल असाढ महिनाको ०९ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री आशिष चौधरी | |

आमन्त्रित :-

श्री विष्णु धिताल, कानुनी सल्लाहाकार

[illegible]

तुलराज कुमाल

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा शाखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र. शाखा

CamScanner

बैठक सख्या : २०

गढवा गाउँपालिका गाउँकार्यपालिका : मिति २०८० साल असार ०९ गते

**प्रस्तावहरू :**

१. आगामी आ.व. २०८०/०८१ का लागि "गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८०" सम्बन्धमा ।

२. आगामी आ.व. २०८०/०८१ का लागि "गढवा गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८० " सम्बन्धमा ।

३. आगामी आ.व. २०८०/०८१ का लागि "गढवा गाउँपालिकाको विनियोजन विधेयक २०८०" सम्बन्धमा ।

४. गढवा गाउँपालिकाका विभिन्न कानूनहरूको मस्यौदा सम्बन्धमा ।
क) गढवा गाउँपालिकाको शिक्षा विधेयक २०८० सम्बन्धमा ।
ख) गढवा गाउँपालिकाको बरघर प्रणाली सम्बन्धी बनेको विधेयक २०८० सम्बन्धमा ।
ग) गढवा गाउँपालिकाको नगर प्रहरी नियमावली २०८० सम्बन्धमा ।

निर्णयहरू :

१. यस गढवा गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि "गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८०" आवश्यक छलफल तथा संशोधन गरी तेह्रौं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

२. यस गढवा गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि "गढवा गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८०" आवश्यक छलफल तथा संशोधन गरी तेह्रौं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

३. यस गढवा गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि "गढवा गाउँपालिकाको विनियोजन विधेयक २०८०" आवश्यक छलफल तथा संशोधन गरी तेह्रौं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

४. यस गढवा गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि गढवा गाउँपालिकाका तपशिलका कानूनहरूको मस्यौदाहरूको आवश्यक छलफल तथा संशोधन गरी तेह्रौं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

तपशिल :
क) गढवा गाउँपालिकाको शिक्षा विधेयक २०८० सम्बन्धमा ।
ख) गढवा गाउँपालिकाको बरघर प्रणाली सम्बन्धी बनेको विधेयक २०८० सम्बन्धमा ।
ग) गढवा गाउँपालिकाको नगर प्रहरी नियमावली २०८० सम्बन्धमा ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner